गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयको

# चौमासिक गतिविधि

वर्ष : १ अङ्क : १ पूर्णाङ्क : १ साउन-कात्तिक २०७२



नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
**गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय**
अनामनगर, काठमाडौं, फोन : ९७७-१-४७७११०४, फ्याक्स : ९७७-१-४७७१०८०
वेबसाइट : www.poorhouseholds.gov.np

# गरिब घरपरिवार सहयोग समन्वय बोर्डका कार्यकारी उपाध्यक्षको सन्देश



गरिबीको रेखामुनि रहेका नेपाली नागरिकहरूको घरपरिवार पहिचान गरी सोको आधारमा पहिचान भएका घरपरिवारहरूलाई परिचयपत्र प्रदान गर्ने र गरिबीको वर्गीकरणअनुसार ती घरपरिवारमा लक्षित कार्यक्रम सञ्चालन गर्ने तथा त्यस्ता घरपरिवारहरूलाई राज्यको उपलब्ध स्रोत, साधन र क्षमताले भ्याएसम्म सामाजिक संरक्षण प्रदान गर्ने मूलभूत उद्देश्यअनुसार यस गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय, २०६९ साल भदौ महिनादेखि स्थापना भई नेपाल सरकारको निर्णयानुसार कार्यक्रम लागु भएका २५ जिल्लामा आफ्ना गतिविधि अगाडि बढाएको सर्वविदितै छ । आर्थिक वर्ष २०७२/७३ देखि यस सचिवालयबाट भए गरेका कार्यको गतिविधिहरूलाई चौमासिक रूपमा सुसूचित गर्ने गरी बुलेटिन प्रकाशन गर्न लागेको बेहोरा सहर्ष जानकारी गराउँदछु । यस्ता प्रकाशनबाट सम्बन्धित निकाय र सरोकारवालालाई सूसूचित गर्नुका साथै सचिवालयबाट हुने भावी कार्यक्रमलाई समेत पृष्ठपोषण हुन जाने कुरामा म विश्वस्त छु । साथै बुलेटिन प्रकाशन कार्यमा सहयोग पुर्‍याउनुहुने गरिब घरपरिवार सहयोग समन्वय बोर्डका सदस्य-सचिव एवं सचिवालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

**चिन्तन पौडेल, कार्यकारी उपाध्यक्ष**

## १. पृष्ठभूमि

मानवीय जीवन निर्वाहका लागि आवश्यक पर्ने आधारभूत स्रोत, साधनमाथि स्वमित्व, नियन्त्रण र पहुँच पुग्न नसकेको अवस्था नै गरिबी हो । गरिबीलाई सापेक्ष र निरपक्ष गरिबीको रूपमा वर्गीकरण गर्ने गरिन्छ । गरिबीबाट उन्मुक्तिका लागि विभिन्न कालखण्डमा फरकफरक दृष्टिकोणले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइन्छ । नेपाल सरकारले गरिबी निवारणलाई प्रमुख उद्देश्यको रूपमा नवौं आवधिक योजनाबाट लिन थालेको हो ।

नेपाल सरकारले गरिबीको रेखामुनि रहेको जनसंख्यालाई केन्द्रित गरी लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने प्रयोजनको लागि गरिब घरपरिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने आवश्यक व्यवस्था गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यस बोर्ड सचिवालयको गठन गरेको हो । यस सचिवालयको प्रमुख उद्देश्य भनेको गरिब घरपरिवार

पहिचान गर्ने विधि तथा मापदण्ड निर्धारण, गरिबलक्षित कार्यक्रमको अभिलेखीकरण, गरिब परिचयपत्र वितरणको मस्यौदा तयारी, विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय, गरिबीको तथ्याङ्क संकलन तथा अभिलेखीकरण जस्ता विशिष्ट उद्देश्य पूरा गर्नु रहेको छ ।

## २. बोर्डको गठन र पुनर्संरचना

यस गरिब घरपरिवार सहयोग समन्वय बोर्डको संरचना देहायबमोजिम रहने व्यवस्था निर्देशिकामा गरिएको छ ।

| | | |
|---|---|---|
| (क) | मन्त्री/राज्यमन्त्री, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अध्यक्ष |
| (क१) | नेपाल सरकारको निर्णयानुसार नियुक्त हुने व्यक्ति | कार्यकारी उपाध्यक्ष |
| (ख) | सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) | सचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| (ङ) | सचिव, गृह मन्त्रालय | सदस्य |
| (च) | सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (छ) | सचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| (ज) | सचिव, सहरी विकास मन्त्रालय | सदस्य |
| (झ) | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (ञ) | महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग | सदस्य |
| (ट) | संयोजक, बोर्डको सचिवालय | सदस्य |
| (ठ) | कार्यकारी निर्देशक, गरिबी निवारण कोष | सदस्य |
| (ड) | सहसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य-सचिव |

## ३. गरिब घरपरिवार पहिचान सम्बन्धी आर्थिक (दोस्रो संशोधन) निर्देशिका, २०७२ स्वीकृत

गरिब घरपरिवार सहयोग समन्वय बोर्डको तेह्रौं बैठकबाट निर्णय भएबमोजिम गरिब घरपरिवार पहिचानसम्बन्धी आर्थिक (दोस्रो संशोधन) निर्देशिका, २०७२ नेपाल सरकार, मन्त्रीपरिषद्को बैठकबाट मिति २०७२/०४/०१ मा स्वीकृत भयो ।

## ४. सचिवालयको अस्थायी दरबन्दी स्वीकृत

घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयको विद्यमान् दरबन्दीमा कम्प्युटर अधिकृत २, कम्प्युटर अपरेटर ३, सवारी चालक ३, कार्यालय सहयोगी २ र गरिब घरपरिवार पहिचानको लागि छानिएका २५ जिल्लाका जिल्ला विकास समितिको कार्यालयमा रहने गरी सेवा करारका ३५ जनाको अस्थायी दरबन्दी स्वीकृत भएको छ ।




* पद सेवा करार

## ५. गठन आदेशको मस्यौदा तयार

यस गरिब घरपरिवार सहयोग समन्वय बोर्डको तेह्रौं बैठकको निर्णय नं. ७ अनुसार गरिब घरपरिवार पहिचान र परिचयपत्र व्यवस्थापन तथा वितरण निर्देशिका २०६९ मा संशोधनका लागि संगठन संरचना, बोर्डको काम, कर्तव्य र अधिकार, बोर्ड सचिवालयको कार्यकारी उपाध्यक्ष, सदस्य-सचिवलगायतको

काम आदि विषयमा अध्ययन गरी सुधार गर्नुपर्ने विषयमा सुझावसहित उक्त निर्देशिकाबमोजिम १० दिनभित्र मस्यौदा तयार गरी बोर्डमा पेश गर्न र बोर्डको स्वायत्ततासम्बन्धी कार्यको लागि तपसीलबमोजिमको कार्यदल गठन गर्ने निर्णय भएको छ।

१. चिन्तन पौडेल, कार्यकारी उपाध्यक्ष, गरिब घरपरिवार सहयोग समन्वय बोर्ड संयोजक
२. इन्दिरा दहाल, उपसचिव, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय सदस्य
३. शिवप्रसाद रिजाल, उपसचिव, सहकारी तथा गरिबी निवारण मन्त्रालय सदस्य
४. ढुण्डीराज लामिछाने, निर्देशक, गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय सदस्य
५. रमेशप्रसाद पुडासैनी, उपसचिव, गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय सदस्य-सचिव

कार्यदलका हालसम्म ६ वटा बैठक बसेकोमा यो चौमासिकमा मात्र ३ वटा बैठक सम्पन्न भएको र कार्यदलको छैटौँ बैठकमा छलफल भएअनुसार प्राप्त सुझावको आधारमा विकास समिति ऐन, २०१३ बमोजिम गरिब घरपरिवार सहयोग कार्यक्रम विकास समिति (गठन) आदेश २०७२ को मस्यौदा बोर्डसमक्ष पेश गर्ने निर्णय भएको छ।

## ६. सचिवालयमा खरिद एकाइ गठन

यस गरिब घरपरिवार सहयोग समन्वय बोर्ड सचिवालयमा आर्थिक वर्ष २०७२/७३ देखि आफ्नो छुट्टै बजेटको व्यवस्था भएकोले कार्यालयका लागि आवश्यक सामान खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६४ को दफा ७ (३) बमोजिमको काम गर्नका लागि देहायबमोजिम एक खरिद एकाइ गठन गरिएको छ।

१. ऋषिराम पोखरेल (तथ्याङ्क अधिकृत) - संयोजक
२. गुरुप्रसाद मरासिनी (शाखा अधिकृत) - सदस्य
३. भीमबहादुर शाख (तथ्याङ्क सहायक) - सदस्य

## ७. प्राविधिक समिति गठन

यस सचिवालयबाट गरिब घरपरिवारसम्बन्धी डाटा (आँकडा) को प्रयोग र तथ्याङ्क वितरण तथा त्यसको सुरक्षा लगायतका विषयमा गुनासो सुनुवाइदेखि परिचयपत्र वितरणसम्मको कार्य गर्न, गराउन आवश्यक पर्ने विषयगत प्राविधिक कुराहरूका सम्बन्धमा आवश्यक निर्देशन, सहजीकरण र समन्वय गर्न एवं बोर्ड सचिवालयको खरिद एकाइको कार्यमा मापदण्डलगायत अनुमान लागतका कार्यक्षेत्रगत कार्य विवरणहरू तयार गर्नसमेत सहयोग पुग्ने गरी यस सचिवालयका संयोजकको अध्यक्षतामा मिति २०७२/०६/२४ को सचिवस्तरीय निर्णयअनुसार तपसीलबमोजिमको प्राविधिक समिति गठन भएको छ।

१. चिन्तन पौडेल, कार्यकारी उपाध्यक्ष, गरिब घरपरिवार सहयोग समन्वय बोर्ड — अध्यक्ष
२. सुरेश प्रधान, सदस्य-सचिव, गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय — सदस्य
३. रमेशप्रसाद पुडासैनी, उपसचिव, गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय — सदस्य
४. सुनिल पौडेल, सहायक निर्देशक, राष्ट्रिय सूचना प्रविधि केन्द्र — सदस्य
५. विमलकुमार यादव, तथ्याङ्क अधिकृत, गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालय — सदस्य-सचिव

साथै समितिले खरिदविज्ञ, सूचना प्रविधिविज्ञ तथा अन्य विशेषज्ञलाई निर्णयअनुसार बैठकमा आमन्त्रित गर्न सक्ने व्यवस्था छ । साउन-कात्तिक २०७२ को चौमासिक अवधिमा प्राविधिक समितिका ४ वटा बैठक सम्पन्न भए ।

त्यसै गरी यस आर्थिक वर्ष २०७२/७३ को प्रथम चौमासिक अवधिभित्र यस सचिवालयका जम्मा ८ वटा कर्मचारी बैठक बसी कार्यालयका दैनिन्दिनी विषयमा निर्णयहरू भए । बोर्डको बैठक भने यस चौमासिक अवधिमा बस्न सकेन ।

## ८. २५ जिल्लामा सूचना प्रविधि अधिकृत नियुक्त

यस आर्थिक वर्ष २०७२/७३ को लागि गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम लागु भएका २५ जिल्लाहरूमा सूचना प्रविधि अधिकृत नियुक्ति गर्ने प्रकियाअनुसार प्रथम चौमासिक अवधिसम्म जम्मा २१ जिल्लामा नियुक्ति कार्य सम्पन्न भयो । रौतहट, कपिलवस्तु, डोल्पा र जुम्ला जिल्लामा सूचना प्रविधि अधिकृत नियुक्तिको प्रक्रिया हुँदै गरेको छ ।

## ९. गरिब घरपरिवारको प्रारम्भिक सूची टाँस

साउन-कात्तिक २०७२ को चौमासिक अवधिमा गरिब घरपरिवार पहिचानको लागि छनोट भई सर्वेक्षण गरिएका २५ जिल्लाका १२,४०,३५० घरपरिवारमध्ये गरिब पहिचान भएका ३,५६,४१८ तथा सर्वेक्षणमा अपूर्ण विवरण भएका १,५०,९५८ घरपरिवारको प्रारम्भिक सूची यस सचिवालयबाट सम्बन्धित गा.वि.स. र नगरपालिकाका वडा कार्यालयहरूमा टाँस गर्ने प्रयोजनको लागि पठाइएको छ।

## १०. सचिवालयको निरीक्षण, अनुगमन तथा निर्देशन

माननीय उपप्रधानमन्त्री एवं सहकारी तथा गरिबी निवारण मन्त्री तथा गरिब घरपरिवार सहयोग समन्वय बोर्डका अध्यक्ष श्री चित्रबहादुर के.सी.ले मिति २०७२/०७/२३ गते अनामनगरस्थित गरिब घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयको निरीक्षण गर्नुभयो । निरीक्षणको लागि

पाल्नुभएका उपप्रधानमन्त्रीज्यूलाई यस सचिवालयका संयोजक श्री चिन्तन पौडेललगायत समस्त कर्मचारीहरूले हार्दिक स्वागत गर्नुभयो । स्वागत कार्यक्रमपश्चात् यस सचिवालयका संयोजकज्यूबाट माननीय उपप्रधानमन्त्रीज्यूसमक्ष बोर्ड सचिवालयको हालसम्म भएका कार्यको समग्र स्थितिको बारेमा जानकारी प्रस्तुत भयो ।





कार्यक्रममा निर्देशन दिँदै उपप्रधानमन्त्रीज्यूले स्वागत तथा बोर्ड सचिवालयको गतिवधिको जानकारीका लागि सचिवालय परिवारलाई धन्यवाद दिनुभयो । वहाँले यस कार्यक्रमलाई थप प्रभावकारी बनाउन सबैको सक्रिय सहयोग र सहभागिता रहनुपर्ने विषयमा जोड दिनुभयो । साथै गरिब लक्षित कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने गरी कार्य गर्न निर्देशनसमेत दिनु भयो । उक्त अवसरमा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव श्री शंकरप्रसाद अधिकारी र सहसचिव एवं बोर्डका सदस्य-सचिव श्री सुरेश प्रधानको समेत उपस्थिति रहेको थियो ।

त्यसै गरी मिति २०७२/०५/०१ गते बोर्डका कार्यकारी उपाध्यक्षलगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरूद्वारा सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव एवं बोर्डका सदस्य श्री शंकरप्रसाद अधिकारीको स्वागत कार्यक्रम गरिएको थियो । यस अवसरमा सचिवालयका कर्मचारीहरूको सामान्य परिचयसहित बोर्ड सचिवालयले गरेका काम कारवाहीका बारेमा संक्षिप्त जानकारी गराइयो । सचिवज्यूबाट यस बोर्ड सचिवालयको कामलाई थप प्रभावकारी बनाई हाल कार्यक्रम सञ्चालन भएका २५ जिल्लामा गरिब घरपरिवारको पहिचान कार्य समयमै सम्पन्न गर्न निर्देशन दिनुभयो । पहिलो चरणको कार्यक्रमको सफलताको आधारमा थप ५० जिल्लामा कार्यक्रम विस्तार गर्न निर्देशन दिनुभयो । वहाँले सचिवालयले अघि बढाएका राम्रा कार्यक्रममा मन्त्रालयबाट पूर्ण सहयोग र समन्वय मिल्ने स्पष्ट गर्नुभयो ।

## ११. सचिवालयबाट अनुगमन तथा निरीक्षण

यस चौमासिक अवधिमा गरिब घरपरिवार सहयोग समन्वय बोर्डबाट कार्यक्रम लागु भएको कैलाली जिल्लामा कार्यक्रमको सम्बन्धमा सचिवालयमा कर्मचारीबाट अनुगमन तथा निरीक्षण गरियो ।

## १२. स्वागत तथा बिदाइ

### स्वागत

यस बोर्ड सचिवालयमा विभिन्न सरकारी निकायबाट काजमा आउनुभएका देहायबमोजिमका कर्मचारीहरूलाई स्वागत गर्ने कार्यक्रम सम्पन्न भयो ।

१. ऋषिराम पोखरेल (तथ्याङ्क अधिकृत) - २०७२/०६/०१ देखि हाजिर

२. विमलकुमार यादव (तथ्याङ्क अधिकृत) - २०७२/०५/३१ देखि हाजिर

३. कोमल पराजुली (लेखा अधिकृत) - २०७२/०७/११ देखि हाजिर

४. दामोदर न्यौपाने (तथ्याङ्क सहायक) - २०७२/०६/०१ देखि हाजिर

५. गणेश दाहाल (लेखापाल) - २०७२/०६/०१ देखि हाजिर

### बिदाइ





यस सचिवालयमा काजमा कार्यरत तपसीलबमोजिमका कर्मचारीहरूको आफ्नो पदाधिकार रहेको निकायमा काज फिर्ता भएकोले मिति २०७२/०६/११ का दिन बिदाइ कार्यक्रम सम्पन्न भयो ।

१. ढुण्डीराज लामिछाने (निर्देशक) - २०७२/०५/३१ देखि रमाना

२. सुरेन्द्रप्रसाद पाण्डेय (तथ्याङ्क अधिकृत) - २०७२/०४/०५ देखि रमाना

३. कुलप्रकाश न्यौपाने (तथ्याङ्क अधिकृत) - २०७२/०४/१० देखि रमाना